सम्पर्क नं. : ०२५५४००२४

# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

visit nepal 2020 Lifetime Experiences

दुहवी, सुनसरी
प्रदेश नम्बर १, नेपाल

प. स. :-२०७६/०७७
च. नं. :- ८८४०

मितिः २०७७।०१।०२

## विषयः विद्यार्थी भर्ना तथा शुल्क सम्बन्धमा

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु
दुहवी नगरपालिका, सुनसरी ।

उपर्युक्त विषयमा कोभिड १९ को संक्रकमण रोकथामका लागि लकडाउनको अवस्था रहेको र लामो समयदेखि देशभर विद्यालयहरु बन्द भएको सन्दर्भमा परीक्षा तथा विद्यार्थी भर्नाको विषयलाई लिएर उठाइएका विषयहरुका सन्दर्भमा कुनै पनि कक्षा र तहमा भर्ना नगर्नु, नगराउनुहुनका साथै भर्नाका नाममा कुनै पनि शुल्क लिने, अनलाइन पठनपाठनको नाममा शुल्क लिने वा बैंक खातामा रकम जम्मा गर्न लगाउने जस्ता कार्य नगर्न नगराउन सूचित गरिएको लगायतका विषयमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७६।०१।२२ मा माननीय मन्त्रीस्तरीय निर्णय भएको र केही संस्थागत विद्यालयबाट विद्यार्थी भर्ना गरी शुल्क लिने गरेको कुरा अनौपचारिक रुपमा सुनिन आएको हुदा त्यसो भएको हो भने तुरुन्त त्यस्ता कार्य बन्द गर्न जानकारी गराउदै सो निर्णयको एकप्रति यसैसाथ सम्लग्न गरी पठाइएको छ । मन्त्रालययबाट जारी गरिएको सम्लग्न सूचनामा उल्लेखित बुदाहरुको अनिवार्य कार्यान्वयन गर्न सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई जानकारीका लागि अनुरोध छ ।

..................

बिनोद कुमार न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

फोन नं.

पत्र संख्या:-

चलानी नं.:-

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

सिंहदरबार,
काठमाडौं, नेपाल।

मितिः २०७७/०१/२२

विद्यार्थी भर्ना तथा परीक्षा सम्बन्धमा ।

कोभिड-१९ को संक्रमण रोकथामका लागि लकडाउनको अवस्था रहेको र लामो समयदेखि देशभर विद्यालयहरू बन्द भएको सन्दर्भमा परीक्षा तथा विद्यार्थी भर्नाको विषयलाई लिएर उठाइएका विषयहरूका सन्दर्भमा यस मन्त्रालयको मिति २०७७।०१।२२ को माननीय मन्त्रिस्तरीय निर्णयानुसार देहाय बमोजिमको व्यहोरा जानकारी एवम् कार्यान्वयन गर्ने गराउने व्यवस्थाका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१) हाल सबै विद्यालयहरूको भर्ना तथा पठनपाठन स्थगित रहेको हुँदा यस सम्बन्धमा नेपाल सरकारबाट अर्को निर्णय नभएसम्म कुनै पनि विद्यालयले कुनै पनि कक्षा वा तहमा नयाँ भर्ना नगर्नु, नगराउनु हुनका साथै भर्नाका नाममा कुनै किसिमले शुल्क लिने, अनलाइन पठन पाठनको नाममा शुल्क लिने वा बैंक खातामा रकम जम्मा गर्न लगाउने जस्ता कार्यहरू नगर्नु, नगराउनु हुन सूचित गरिन्छ ।

२) कक्षा १० को अन्त्यमा लिइने माध्यमिक शिक्षा परीक्षा (एसईई) र कक्षा ११ तथा १२ का परीक्षाहरू स्थगित रहेको अवस्थामा मन्त्रालयबाट वस्तुस्थितिको सुक्ष्म अध्ययन र परामर्श लिने कार्य जारी रहेको हुँदा परीक्षा सञ्चालन सम्बन्धमा हालसम्म कुनै थप वा नयाँ निर्णय नभएको व्यहोरा जानकारी गराइन्छ ।

३) संस्थागत विद्यालयहरूले माध्यमिक तहसम्मको एक महीनाको शुल्क मध्ये आवास शुल्क बाहेक अन्य सबै प्रकारको शुल्क छुट दिने भनी नेपाल सरकारले गरेको निर्णय कार्यान्वयन गरी अभिभावक तथा स्थानीय तहलाई आवश्यक जानकारी दिनुहुन सूचित गरिन्छ ।

०७७/१/22

(दीपक शर्मा)

सहसचिव एवम् प्रवक्ता